रेड पाण्डा

"समृद्ध गाउँपालिका र सुखी जनता"

माईजोगमाई गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पत्र संख्याः ०८१/८२
च.नं :१७९६

नयाँबजार, इलाम
कोशी प्रदेश, नेपाल।
मितिः २०८२|०१|२२
ने.सं.: ११४५ वछलाथ्व ८ सोमबार

कोशी प्रदेश पर्यटन वर्ष २०८२

माईजोगमाई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय इलाम जिल्ला कोशी प्रदेश, नेपाल २०७३

विषय : सुचना सम्प्रेषण सम्वन्धमा

श्री वडा कार्यालयहरु सवै
श्री लधुउधम विकास कार्यक्रम , मााईजोगमाई

प्रस्तुत विषयमा प्रदेश सरकार सामाजिक विकास मन्त्रालय कोशी प्रदेश , विराटनगर , नेपालको मिति २०८२/०१/१० को प स ०८१/०८२ को नवउधमी युवा प्रतिभा पहिचाहन तथा प्रोत्साहनको लागी व्यावसायिक प्रोफायल पेश गर्ने सम्वन्धी सुचना यसै पत्र साथ पठाईएको छ ।पत्रवाट व्यहोरा अवगत गरी इच्छुक व्यावसायिहरुलाई तोकिएको म्याद भित्र संलग्न **नवउधमी युवा प्रतिभा पहिचाहन तथा प्रोत्साहन कार्यक्रम संचालन कार्यविधी २०८१** मा रहेको **अनुसुची १** को ढाँचामा आवश्यक कागजात सहितको विस्तृत व्यावसायिक प्रोफायल सामाजिक मन्त्रालय कोशी प्रदेश नेपालमा पेश गर्नको लागी सुचना प्रकाशन गर्नुहुन अनुरोध छ ।

वोधार्थ
श्री सुचना प्रविधि शाखा -- प्राप्त सुचना सवैको जानकारीको लागी गाउँपालिकाको वेबसाइटमा राख्नुहुन ।
श्री सामाजिक विकास मन्त्रालय कोशी प्रदेश नेपाल - जानकारीको लागी

मान वहादुर पौडेल
अधिकृत छैटौ
छैटौ अधिकृत

"कोशीको गौरव हिमालको सान, पर्यटन वर्षमा सबैलाई सम्मान"
Phone No:- 027411044, website:- www.maijogmaimun.gov.np
Email:-maijogmaigaupalika@gmail.com

प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

कोशी प्रदेश, विराटनगर,नेपाल

पत्र संख्याः ०८१/८२ मितिः २०८२/०१/१०

चलानी नम्वरः

## नवउद्यमी युवा प्रतिभापहिचान तथा प्रोत्साहनका लागि व्यावसायिक प्रोफायल पेश गर्नेसम्बन्धी सूचना

आ.व. २०८१/०८२ मा यस मन्त्रालयको स्वीकृत कार्यक्रम तथा बजेटबमोजिम नवउद्यमी युवा प्रतिभा पहिचान तथा प्रोत्साहन कार्यक्रम सञ्चालन हुने भएकाले कोशी प्रदेशभित्र उद्यम गरिरहेका १६ देखि ४० वर्ष भित्रका तपशिलमा उल्लेख भएबमोजिमको योग्यता पूरा भएका इच्छुक नवउद्यमी युवाहरूले यो सूचना प्रकाशन भएको मितिले २१ दिनभित्र **नवउद्यमी युवा प्रतिभा पहिचान तथा प्रोत्साहन कार्यक्रम सञ्चालन मार्गदर्शन २०८१ मा रहेको अनुसूची-१** को ढाँचामा आवश्यक कागजात सहितको विस्तृत व्यावसायिक प्रोफाइल यस मन्त्रालयमा पेश गर्नुहुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ :-

तपशिल

१. उद्यम शुरु भएको एकवर्ष पूरा भएको र पाँचवर्ष ननाघेको हुनुपर्ने छ ।

२. लघु तथा घरेलु उद्यम र कृषिमा आधारित उद्यमलाई प्रतियोगितामा सहभागिताका लागि प्राथमिकता दिइने छ ।

३. प्रतियोगितामा सहभागी हुने लघु उद्यमको हकमा घरजग्गा बाहेक बढीमा बीस लाख रुपैंया सम्म स्थिर पूँजी रहेका, वार्षिक कारोबार एक करोड रुपैंयाभन्दा कम रहेका र इञ्जिन उपकरण वा मेशिनको प्रयोग गरेको भएमा विद्युतीय उर्जा इन्धन र अन्य तेल इन्जिनको क्षमता बीस किलोवाटभन्दा कम भएका; घरेलु उद्योगको हकमा श्रममूलक खास सीप र स्थानीय कच्चा पदार्थ एवम् स्थानीय प्रविधि, कला तथा संस्कृतिमा आधारित साथै इन्जिन उपकरण वा मेशिनरी प्रयोग गरेको भएमा बढीमा ५० किलोवाटसम्म क्षमताको विद्युतीय उर्जा प्रयोग गरेको हुनुपर्नेछ । अन्य उद्यमको हकमा समेत स्थिर पूँजी र वार्षिक करोबार रकम लघु तथा घरेलु उद्यमसरह हुनुपर्नेछ।

४. म्याद समाप्त भएपश्चात् देवनागरी लिपिको वर्णानुक्रम अनुसारको प्रतियोगीहरूको नामावली तयार पारी मन्त्रालयको सूचनापाटी तथा वेबसाइटमा प्रकाशन गरिने छ ।

५. नवउद्यमी युवाहरूबाट पेश भएका व्यावसायिक प्रोफायलको अध्ययन तथा आवश्यकताअनुसार उद्यमको स्थलगत निरीक्षण गरी मूल्याङ्कन समितिले प्रतियोगिहरूको अन्तिम सूची तयार गरी प्रदर्शनी तथा प्रस्तुतीकरणको मिति र समय निर्धारण गर्नेछ ।

६. निर्धारित मिति र समयमा मन्त्रालयले प्रस्तुतीकरण कार्यक्रम आयोजना गरी मूल्याङ्कन समिति मार्फत प्रतियोगीहरूको अन्तिम मूल्याङ्कन गरी उत्कृष्ट तीन युवा उद्यमी र सान्त्वनाका लागि दुई युवा उद्यमी छनौट गर्नेछ । पहिलो, दोस्रो, तेस्रो र सन्त्वना स्थान हासिल गर्ने दुई प्रतियोगी युवालाई मन्त्रालयबाट क्रमशः एक लाख, ७५ हजार, ५० हजार र ३० हजार रुपैंया नगद पुरस्कार तथा प्रमाणपत्र प्रदान गरिने छ ।

प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

कोशी प्रदेश, विराटनगर,नेपाल

मिति: २०८२/०१/१०

पत्र संख्याः ०८१/८२

चलानी नम्बरः

७. छनौटका अन्य आधार र प्रक्रिया मन्त्रालयबाट स्वीकृत नवउद्यमी युवा प्रतिभा पहिचान तथा प्रोत्साहन कार्यक्रम सञ्चालन मार्गदर्शन २०८१ बमोजिम हुनेछ ।

८. पेश गर्नुपर्ने विवरण तथा कागजातहरू :- उद्यमसँग सम्बन्धित विस्तृत उद्यम प्रोफायल, उद्यमीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, उद्यम दर्ता र नवीकरणको प्रमाणपत्रको प्रतिलिपि, पान दर्ता, लेखा परीक्षण प्रतिवेदन, स्थानीय तहको सिफारिस र उद्यमको कम्तिमा ५ मिनेटको वर्णनात्मक भिडियो अनिवार्यरूपमा पेश गर्नुपर्नेछ ।

थप जानकारीका लागि सम्पर्क नं.:- ९८४२०७०९९८

दामोदर फुयाँल

महाशाखा प्र

बोधार्थ

श्री सबै स्थानीय तह, कोशी प्रदेशः सूचना सम्प्रेषणमा सहयोग तथा समन्वयका लागि अनुरोध छ।

श्री घरेलु तथा साना उद्योग कार्यालयहरू (सबै) कोशी प्रदेशः सूचना सम्प्रेषणमा सहयोग तथा समन्वयका लागि अनुरोध छ ।

## अनुसूची -१
### (दफा ३ को खण्ड (क) सँग सम्बन्धित)

### प्रतियोगितामा सहभागी हुनका लागि दिने निवेदनको ढाँचा

मिति :- २०८२/ /

श्री सामाजिक विकास मन्त्रालय
कोशी प्रदेश, विराटनगर ।

विषय :- नवउद्यमी युवा प्रतिभा पहिचान तथा प्रोत्साहन प्रतियोगितामा सहभागी हुन पाऊँ।

प्रस्तुत विषयमा तहाँ मन्त्रालयको मिति / / गते प्रकाशित सूचनामा उल्लेख भए बमोजिम देहायका विवरण तथा कागजातहरू संलग्न गरी कार्यक्रममा सहभगिताका लागि निवेदन पेश गर्दछु ।

(क) उद्यमको संक्षिप्त परिचय :
स्थापनाको पृष्ठभूमि (एक प्याराग्राफसम्म) :
उद्यमको नाम :
स्थापना मिति:
रजिष्टर्ड ठेगाना :
सम्पर्क फोन न :
ईमेल ठेगाना :
उद्यम सञ्चालन स्थल (पुरा ठेगाना ) :
सञ्चालक/ व्यवस्थापकको नाम (बढीमा २ जना सम्म):
सञ्चालक/ व्यवस्थापकको मोबायल नं :
पुँजीको विवरण : ( स्थिर पुँजी घर जग्गा बाहेक )
वित्तीय श्रोत तथा लगानी : (आन्तरिक बाह्य लगानी)
वार्षिक कारोबार रकम:
कच्चा पदार्थको श्रोत : (स्वदेशी , विदेशी, स्थानीय रुपमा उपलब्ध, वा बाहिरबाट ल्याउनुपर्ने)
प्रमुख उत्पादन वा सेवा : (हालको उत्पादन)
वार्षिक उत्पादन क्षमता :

(ख) बजारीकरणको अवस्था (स्थानीय, क्षेत्रीय, राष्ट्रिय, अन्तर्राष्ट्रिय) बढीमा एक प्याराग्राफसम्म:

(ग) जनशक्तिको विवरण :
हाल कार्यरत :
स्थायी :
अस्थायी :
संलग्न प्राविधिक जनशक्ति/विषय विज्ञ :
थप रोजगारी सृजनाको सम्भावना :

(ग) नवीनतम् प्रविधि वा रणनीतिको प्रयोग सम्बन्धी विवरण:(वस्तु /सेवा उत्पादन प्रकृया वा वितरण प्रकृया वा व्यवस्थापन वा वजारीकरणमा अपनाईएको नवीनतम रणनीतिको विवरण)

(घ) वार्षिक कारोबार रकम :

(ङ) उद्यम कार्यान्वयनमा देखिएका समस्या :

(च) समस्या समाधानका लागि गरिएका प्रयास :

(छ) उद्योगको भावी सम्भावना सहितको कार्य योजना :

(ज) स्टार्टअप सपोर्टको आवश्यकता :

संलग्न विवरण तथा कागजातहरू :-

१. उद्यमीद्वारा प्रमाणित गरेको प्रस्तावनापत्र

२. उद्यमसँग सम्बन्धित विस्तृत प्रोफाइल

३. सञ्चालकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

४. उद्यम दर्ता, पान नं. प्रबन्धपत्र तथा नविकरणको प्रतिलिपि

५. उद्यम सञ्चालित स्थानीय तह वा वडाको सिफारिस

निवेदक

दस्तखत : ......................

नाम, थर : ............................

उद्यमको नाम र छाप